# आत्मालाइ पछ्याउनुहोस्

**Pastor S. James**
**July 21st, 2022**

*प्रार्थना*

*आउनुहोस् पवित्र आत्मा हामीहरुमा हामीलाइ यो बचन बुझ्नलाइ शिक्षा दिनुहोस् । तपाइको इच्छालाइ बुझ्ने मात्र होइन पालन गर्ने सामर्थ पनि दिनुहोस् प्रभु । हाम्रो आफ्नो बल , तागत , ज्ञान , बुद्धिले यो सम्भव छैन प्रभु त्यसैले हामीलाइ यस समय अनुग्रह गर्नुहोस् । हामीमा हुनुहोस् यो सबै बिन्ति प्रार्थना येशु प्रभुको नाममा आमेन ।*

जीवनमा मृत्यु होइन भने परमेश्वरको अर्थात येशुको दोस्रो आगमण निस्चित छ । यो दुबै कुरा हाम्रो जीवनमा हुदा हाम्रो जीवनमा एउटै मात्र प्रस्न आउछ हामीले यो संसारमा रहदा खेरी परमेश्वरको इच्छा पुरा गर्‍यौ कि गरेनौ । प्रभु प्रभु मात्र भन्ने होइन जसले यो संसारमा छदा खेरी परमेश्वरको इच्छा पुरा गर्छ त्यो व्यक्ति परमेश्वरको राज्यमा प्रबेस गर्दछ । येशु मशिह जब यस संसारमा देह दारी भएर आउदा उहाँले आफ्नो यस संसारको उहाँको पुरा जीवन उहाँले परमेश्वर पिताको इच्छा पुरा गर्नुभयो । हाम्रो पनि हाम्रो जीवनको मुख्य उदेस्य परमेश्वरको इच्छा पुरा गर्नु हो । त्यसैले पुस्तकको मुठामा लेखिएको छ मेरो बारेमा कि हे परमेश्वर म तपाइको इच्छालाइ पुरा गर्न आए । हर व्यक्तिको जीवनमा परमेश्वरको इच्छा परमेश्वरको बचनमा लेखिएको छ तर त्यो हामीलाइ पवित्र आत्मा द्धारा मात्र देखाउनुहुन्छ ।

युहन्ना १६:५ [5]अब म उहाँकैमा गइरहेकोछु जसले मलाई पठाउनुभयो। तर तिमीहरू कसैपनि मलाई सोधेनौ, 'तपाईं कहाँ गइरहुन भएको छ?'
[6]तिमीहरूका हृदय उदासिनताले भरिएको छ किनभने मैले तिमीहरूलाई ती कुराहरू भने।
[7]तर म तिमीहरूलाई साँचो भन्दछु। तिमीहरूको भलाईको निम्ति म टाढिनु नै राम्रो छ। किन? किनभने जब म जानेछु तिमीहरूका लागि सहायक पठाइदिने छु। तर यदि म गइन भने, सहायक तिमीहरूकहाँ आउने छैन।

साढे तिन शाल येशु चेलाहरु संग हुनुहन्थ्यो त्यसकारणले गर्दा उनीहरुको कुनै पनि समस्यामा येशु चेलाहरु संग भएको कारण सबै समस्याहरु येशुले समाधान गर्नुहुन्थ्यो ।त्यसैले जब येशुले जाने कुरा गर्दा चेलाहरु साह्रै नै उदास र बिचलित भए र उनीहरुले येशुलाइ काहाँ जान लाग्नुभयो भनेर पनि सोधेनन् । त्यसकारणले येशु ले भन्नुभयो तिमीहरु उदास नहोओ म यहाँ बाट जानु नै राम्रो हो । यदि म गइन भने सल्लाहाकारलाइ म पठाउन सक्दिन र उहाँ आउन सक्नुहुन्न । हामीले पवित्र आत्माको बारेमा सोच्दा खेरी सामर्थको रुपमा मात्र सोच्छौ । प्रेरित १ को ८ को अनुसार उहाँ सामर्थ पनि हुनुहुन्छ । तर उहाँ सामर्थ र शक्ति भन्दा पनि एउटा व्यक्ति हुनुहुन्छ । हामीले उहाँको व्यक्तिव्वलाइ छोडेर उहाँको सामर्थ मात्र उपयोग गर्नसक्छौ । पिता परमेश्वर हुनुहुन्छ , पुत्र हुनुहुन्छ र पवित्र आत्मा हुनुहुन्छ । हिसाबमा एउटा फर्मुला छ २$\times 2 \times 2 = 8$ , $3 \times 3 \times 3 = 27$ , $1 \times 1 \times 1 =$१ नै हुन्छ । त्यसैले हाम्रो परमेश्वर पिता, पुत्र र पवित्र आत्मा सबै परमेश्वर हुनुहुन्छ । कोहि पनि एक अर्कामा सानो ठुलो हुनुहुन्न तिनै व्यक्तित्व एउटै हुनुहुन्छ । यहाँ चेलाहरुले सोच्छन् येशु जादाँ उनीहरुको लागी राम्रो होइन । तर येशुले उनीहरुलाइ भन्नुहुन्छ जसलाइ म पठाउदैछु उहाँ तिमीहरु संग सदासर्बदा बास गर्नुहुनेछ । जब उहाँ आउदा

युहन्ना १४:१६ [16]म मेरो पितालाई माग्नेछु र उहाँले तिमीहरूलाई अर्को सहायकदिनुहुनेछ। उहाँ तिमीहरूसंग सधैं रहने सहायक दिनुहुनेछ।
[17]सहायक सत्यको आत्माहो। संसारले उहाँलाई देख्दैन र बुझ्दैन। तर तिमीहरू उहाँलाई जान्दछौ। उहाँ तिमीहरूसंग बाँच्नु हुन्छ र उहाँ तिमीहरूभित्र नै हुनु हुनेछ।
[18]"म तिमीहरूलाई आफ्ना आमा-बाबुले अनाथहरू छोडे जस्तो एक्लै छाडनेछैन। म तिमीहरूकहाँ फर्की आउने छु।

पबित्र आत्मा सत्य को आत्मा हुनुहुन्छ संसारले उहाँलाइ ग्रहण गर्न सक्दैन । तर हामीले उहाँलाइ ग्रहण गर्नुपर्छ । यदि कोहि मान्छे हाम्रो घरमा आउदा हामी उ संग ढोका बाटै कुरा गरेर फर्काउन सक्छौ होइन भने ढोका खोलेर भित्र आउनुहोस् भनेर स्वागत गरेर भित्र बोलाएर कुरा गर्न पनि सक्छौ । ढोकामा उभिएर गरेको कुराकानी र भित्र बोलाएर गरेको कुराकानी अलग्गै हुन्छ । भित्र बोलाउनुको मतलब हुन्छ हामीले उसलाइ ग्रहण अर्थात स्वीकार गर्नु हो ।

युहन्ना २०:२२ [22]यती भनिसके पछि, येशूले चेलाहरूमाथि श्वास फुकेर भन्नुभयो, "पवित्र आत्मा लेओ।"

परमेश्वरले हामी माथि श्वास फुकेर पबित्र आत्मा दिन सक्नुहुन्छ तर स्वीकार हामीले गर्नुपर्छ । येशुले उनीहरु माथि श्वास फुकेर भन्नुभयो पवित्र आत्मा लेओ । उहाँले दिनुहुन्छ ग्रहण हामीले गर्नु पर्छ । त्यहाँ कति जना थिए हामीलाइ थाहाँ छैन तर ति मध्य एक जनाले पनि पवित्र आत्मा श्वासको रुपमा आउदा ग्रहण गरेन भने उसको जीवनमा पवित्र आत्मा आउनुहुन्न कारण उहाँ व्यक्ति हुनुहुन्छ । हावा मात्र भएको भए श्वास फुक्दा सबै भित्र पस्ने थियो तर उहाँ व्यक्ति भएको कारण हामीले व्यक्तिगत रुपमा स्वीकार गर्नुपर्छ अनि मात्र उहाँ भित्र आउनुहुन्छ । संसारले स्वीकार गर्न सक्दैन हामीले स्वीकार गर्न सक्छौ । जब एक दिन मान्छेको बिभाजन हुन्छ त्यो दिन हामीले अहिले देख्न सक्दैनौ तर परमेश्वरले मात्र देख्न सक्नुहुन्छ त्यो दिन जसकोमा परमेश्वर को बचन छ र जसकोमा

परमेश्वरको बचन छैन त्यो अनुसार बिभाजन हुदैन तर जसकोमा आत्मा छ र जसकोमा आत्मा छैन आत्मा छ कि छैन त्यो अनुसार हुन्छ बिभाजन। बचन त सदुकि फरिसीहरु संग पनि थियो तर उनीहरु संग आत्मा नभएको कारण यैशुले आत्मामा बोलेको कुराहरु उनीहरु ले बुझ्दैन थे। बचन आत्मा हो आत्माले मात्र स्वीकार गर्न सक्छ। म०डलीमा धेरै मान्छेहरु छन् जसले आत्मा पाएका छैनन् र उद्धार पनि पाएका छैनन्। धेरै जनाहरु बचन लिएरै मण्डली आउछन् तर आत्मा पाएका हुदैनन्। उद्धार बचन र आत्मा दुबैले गर्दा पाउछौ।

प्रेरित १०:४४ [44]पत्रुस बोलिरहेको बेला सन्देश सुन्ने ती सबै मानिसहरूमा पवित्र आत्मा उत्रनु भयो।
[45]यहूदी विश्‍वासीहरू जो पत्रुससंग त्यहाँ आएका थिए तिनीहरू छक्क परे किनकी गैर-यहूदीहरूमा पनि पवित्र-आत्माको उपहार बँषिएको थियो।

यहुदीहरुलाइ थाहाँ भयो उनीहरु माथि आएको आत्मा अन्य जातिहरुमा पनि पबित्र आत्माको उपहार आयो। सुनेको परमेश्वरको बचन को असर हाम्रो जीवनमा हुनको लागी हामीमा आत्माले काम गर्नु पर्छ। आत्माले काम गर्नको लागी आत्मालाइ ग्रहण गर्नु पर्छ। पेन्टिकोसको दिनमा मान्छेहरुले भने हामी के गरौ पत्रुसले भने पस्चाताप गर येशुमा बिश्वास गर बप्तिष्मा लेओ त्यसको पछि तिमीहरुको जीवनमा आत्मा आउनुहुन्छ। आत्मा हुनुहुन्न भने हामी र संसारको मान्छेमा केहि फरक हुदैन। उदारहणको लागी संसारमा सबै ठाउमा हावा छ ,तर त्यो हावा एउटा बेलुनको भित्र जादाँ त्यो अलग्गै हुन्छ। त्यो बेलुनमा जब हावा भरिन्छ त्यो बेलुन उड्न सुरु हुन्छ। त्यसैगरी पबित्र आत्मा पनि सबै ठाउमा हुनुहुन्छ तर जब त्यो आत्मा ब्यक्तिको रुपमा हाम्रो भित्र भरिए पछि फरक हुन्छ।

युहन्ना १६:८ [8]जब सहायक आउँछन्, उहाँले संसारलाई यी विषयहरूमा प्रमाण दिनु हुनेछः पापको विषय, धार्मिकताको विषय र न्यायको विषयमा।
[9]सहायकले मानिसहरूको जीवनमा पाप छ भनेर प्रमाण गर्नेछन् किनभने तिनीहरूले ममा विश्वास गर्दैनन्।

पबित्र आत्मा हाम्रो जीवनमा आउदा पहिला हामीलाइ पापको बिषयमा दोषि ठहराउनुहुन्छ। सबै भन्दा ठुलो पाप हामीले येशु माथि बिश्वास नराख्नु हो। नरकमा मान्छेहरु पाप गरेको कारण गएका होइनन् उनीहरुले येशु माथि बिश्वास नराखेको कारणले नरक गएका हुन्। पबित्र आत्माको काम यदि हामी अबिश्वासी हौ भने हामीलाइ हाम्रो पापको बारेमा र बिश्वासी हौ भने दैनिक जीवनमा गर्ने पापको बारेमा हामीलाइ दोषि ठहराउनुहुन्छ। पबित्र आत्माले हामीलाइ पहिला हामीलाइ हाम्रो जन्मै बाटको पापको पस्चाताप गर्न सिकाउनुहुन्छ र पापको पस्चाताप पछि धार्मीकताको बाटो तर्फ लैजानुहुन्छ जसमा हामी हिड्नको लागी हामीलाइ येशु र उहाँको रगत माथि बिश्वास गर्न सिकाउनुहुन्छ। एउटा बिश्वासी को जीवनमा पहिला पाप र त्यसपछि धार्मीक्ता यो दुबै मानेर चल्यो भने एउटै कुरा मात्र बाकि रहन्छ त्यो हो न्याय। धार्मीक्तामा चलेको मान्छे न्याय देखी डराउनु पर्दैन कारण उद्धार पाएका मान्छेहरुको न्याय त हुन्छ तर न्याय अलग हुन्छ। पाप नमानेको मान्छेले धार्मीकता पाउदैन र धार्मीकता नपाएको मान्छे को न्याय कठोर हुन्छ। बिश्वासीहरु पनि न्यायमा एक दिन खडा हुदा डरले , सरमले , आनन्दले खडा हुनेहरु हुन्छन्। जो मान्छे पापको पस्चाताप गरेको छ येशु र येशु को रगतमा बिश्वास गरेर धार्मीकतामा बढेको छ भने उ न्यायको दिनमा आनन्दमा खडा हुन्छ। त्यसकारणले सबै भन्दा ठुलो पाप येशु माथि बिश्वास नराख्नु हो ।जब सम्म हामी परमेश्वरको बचन सुन्दैनौ हामी बिश्वास गर्न सक्दैनौ।

रोमी १०:१४ [14]तर मानिसहरूले प्रभुलाई पत्याउन भन्दा पहिले उहाँमा विश्वास गर्नुपर्छ? अनि विश्वास गर्न अघि, तिनीहरूले उहाँको बारेमा सुनन्नुपर्छ। तर उहाँको बारेमा सुन्नलाई कसैले उहाँ बारे तिनीहरूलाई प्रचार गर्नुपर्छ।

सुने पछि बिश्वास गर्नु नगर्नु हाम्रो माथि छोडेको छ , तर सुन्नु त पर्छ। सुनेन भने बिश्वास आउदैन ,तर सुने पछि बिश्वास आउछ भन्ने छैन। सबै सुनेको मान्छेले बिश्वास गरेका छैनन् । सुनेर पनि बिश्वास नगर्नु त्यो सबै भन्दा ठुलो पाप हो। मोशाले मान्छे मार्‍यो , दाउदले मान्छे मार्‍यो र पनि परमेश्वरले उनीहरुलाइ सुद्ध पार्नुभयो कारण उनीहरुले परमेश्वरको बारेमा सुनेको कुरामा बिश्वास गरे। हामीले जति सुकै पाप गरेका थियौ भने पनि यदि येशुको काममा हामीले बिश्वास राख्छौ भने हाम्रो पापको उद्धार हुन्छ। त्यसकारणले हामी येशुको बारेमा मान्छेलाइ सुनाउछौ , ब्यबस्थाको बारेमा होइन ,ब्यबस्थामा केहि छैन। धरममा हाम्रो धार्मीकता हाम्रो माथि छोडेको छ। धरममा चल्ने मान्छे को लागी धार्मीकता हामी स्वयमले कमाउन पर्छ। उनीहरुलाइ येशुको काम माथि बिश्वास राखेर आफुले केहि पनि धरम करम का काम नगरी हाम्रो पापको उद्धार छ भनेर भन्यो भने धरम करम गर्ने र धार्मीकताको मार्गमा चल्ने मान्छेको लागी यो कुरा स्वीकार गर्न उनीहरुलाइ धेरै गाह्रो हुन्छ। पापीको लागी यो कुरा गर्न सजिलो हुन्छ। येशु आउदैहुनुहुन्छ भनेर सुन्ना साथ दाउदको पुत्र म माथि दया गर्नुहोस् भनेर भन्छन्। त्यसै गरी सदुकि फरीसिहरु दयाँ गर्नुहोस् भन्दैनन् कारण उनीहरु ब्यबस्था मान्ने मान्छेहरु हुन्।

हिब्रु ३:७ [7]त्यसैकारण पवित्र आत्मा भन्नहुन्छ "आज यदि तिमीहरूले परमेश्वरको आवाज सुन्यौ भने,
[8]अतितमा जस्तै तिमीहरू हठधर्मी नबन, जतिबेला तिमीहरूले परमेश्वरको विरोधमा विद्रोह गरयौ। त्यसै बेला मरूभूमिमा परमेश्वरको परीक्षा लियौ।

यो उजाडस्थानमा इस्रायली मतलब आजको कुरा गर्ने हो भने यो अबिश्वासी संग होइन इस्रायली अर्थात बिश्वासीहरुसंग बोल्नुभएको हो। त्यसकारण आज हामी संग पबित्र आत्मा हामी संग बोल्नुहुदा हामीले हाम्रो हृदयलाइ कठोर पार्नु हुदैन।

[9]चालिस वर्षसम्म मरूभूमिमा मैले के के गरें त्यो तिम्रा पिता-पुर्खाहरूले देखे। तर तिनीहरूले मेरो धैर्यको परीक्षा लिए।

परमेश्वर पिता पबित्र आत्मा द्धारा बोल्नुहुन्छ। बोल्ने आवाज पबित्र आत्माको हो तर परिक्षा गर्ने परमेश्वर पिताको हुनुहुन्छ। इस्रायलीहरुले पिता परमेश्वरको काम ४० शाल देखे परमेश्वरले उनीहरुलाइ ४० शाल उहाँको काम , सामर्थ सबै थोक देखाउनुभयो।

[10]त्यसैले म तिनीहरूसित रिसाएँ र मैले भनें 'तिनीहरूका विचार सँधै गल्ती छन् तिनीहरूले कहिल्यै मेरो बाटो बुझेनन्।'
[11]त्यसैले म रिसाएँ र शपथ लिएँ कि 'तिनीहरूले कहिल्यै प्रवेश पाउने छैनन् र मसित विश्रान्ति पाउने छैनन्।"'

यिनीहरु इस्रायलीहरुले थुमाको रगत माथि बिश्वास गरेर लाल समुन्द्रमा बप्तिष्मा लिएर लाल समुन्द्र पार गरे र त्यस पछि पबित्र आत्मा चलाउदै थियो । तर उनीहरुले पबित्र आत्मालाइ सुनेनन् जसले गर्दा परमेश्वरले उनीहरुलाइ भन्नुभयो म तिमीहरुलाइ मार्दिन तर तिमीहरु कसैले पनि बिश्राम पाउनेछैनौ । बिश्रामको लागी अर्को बाटो छैन । पबित्र आत्माको अगुवाइमा उहाँको आवाज सुनेर मानेर हामी चल्दा हाम्रो जीवनमा परमेश्वरको बिश्राम आउछ । इस्रायलीहरुले एक चिजमा पबित्र आत्माको आज्ञा ४० शाल मानेर चले । बादलको खाबोलाइ हेरेर उनीहरु चले । बादलको खाबो चल्यो उनीहरु पनि चल्थे , बादलको खाबो रोकिन्थ्यो उनीहरु पनि रोकिन्थे । पबित्र आत्मा हो हामीलाइ जन्म दिने र त्यसको पछि पनि पबित्र आत्मा नै हामीलाइ डोर्याउने ।

[12]त्यसकारण दाज्यु-भाइहरू र दिदी-बहिनीहरू, होशियार बस जसमा कि तिमीहरूमा कोही पापी नहोऊ, विश्वासलाई अस्वीकार नगरोस् र जीवित परमेश्वरलाई नछोडोस्।

अबिश्वासी हृदय दुष्ट हुन्छ । अबिश्वासी हृदयलाइ पबित्र आत्मा आएर पापको दोष देखाउदा , धार्मीकताको बाटो देखाउदा हृदयलाइ कठोर पार्छ । र हामी जिवित परमेश्वर देखी बिस्तारै अलग अलग हुदै जान्छौ ।

[13]तर हरेक दिन एक-अर्काको उत्साह बढाऊ। "आज" नै यो गर। एक अर्काको सहायता गर जसमा कि कोही पाप र यसको कपटपूर्ण तरिकाले कोही पनि कठोर नबनोस्।

सिमसोन दलैला संग खेलेको होला तर दलैला धेरै नै यो कुरामा गम्भिर थिइन् । त्यसै गरी हामी पापलाइ ठुलो नसोचेर मजाकमा लिन सक्छौ तर पाप त गम्भिर छ उ त हाम्रो जीवन खतम नगरे सम्म चुप लागेर बस्दैन । यदि हामीले बेलैमा यसलाइ नियन्त्रणमा लिएनौ भने पापले हामीलाइ उसको नियन्त्रणमा लिन्छ । हाम्रो जीवन परमेश्वर संग टाढाँ हुनुको कारण पापले गर्दा हो । पबित्र आत्मा हाम्रो र परमेश्वरको बिचको सम्भन्धमा बाधा को हो त्यो देखाउनको लागी आउनुभएको हो । आजको दिनमा मैले नदेखेको पाप पबित्र आत्माले देखाउनुहुन्छ । हिजो मलाइ यो पाप भनेर थाहाँ थिएन तर आज मलाइ यो पाप भनेर थाहाँ हुन्छ भने आत्माले मेरो जीवनमा काम गर्दैहुनुहुन्छ । जब सम्म पबित्र आत्माले हामीलाइ देखाउनुहुन्न हामीलाइ थाहाँ हुदैन पाप के हो भनेर । पबित्र आत्मा हामीलाइ येशु द्वारा परमेश्वर संग हाम्रो नाता जोड्नको लागी आउनुभयो ।

युहन्ना १६:१३ [13]तर जब सत्यको आत्मा आउँदछ, उहाँले भविष्यका कुराहरू घोषणा गर्नु हुनेछ। उहाँले आफ्नो कुराहरू भन्नु हुनेछैन् उहाँले जे सुन्नु हुन्छ त्यही बताउनु हुन्छ।
[14]सत्यको आत्माले मकहाँ महिमा ल्याउनु हुनेछ। कसरी? उसले मबाट कुराहरू पाउने छन् र तिमीहरूलाई ती सबैकुरा व्याख्या गर्नेछन्। सबै कुराहरू जो पितासंग छन् ती सबै मेरा हुन्।
[15]त्यसैकारणले म भन्दैछु त्यस आत्माले जे कुराहरू मबाट पाउने छन् र ती सबै तिमीहरूलाई घोषणा गर्नेछन्।

सत्य को आत्मा छ भने झुट को आत्मा पनि छ । झुटको आत्मा सैतानको आत्मा हो । म पापमै जन्मेको भनेको झुटमै जन्मनु हो । जब सत्यको आत्मा आउदछ तब हामीमा भएको जन्म जात झुट निकाल्नु हुन्छ । त्यो पनि त्यति खेर मात्र पबित्र आत्माले निकाल्न सक्नुहुन्छ जब हामी त्यसलाइ निकाल्न चाहन्छौ । आत्माले हामीलाइ येशुको जीवन देखाउनुहुन्छ र उहाँको कुरा मान्दा हामीले येशुको जीवन हामीमा पाउछौ । पिता , पुत्र , पबित्र आत्मा एउटै र पनि हामीलाइ बुझ्ने येशु मात्र हो कारण उहाँ हामी जस्तै शरीर धारी भएर यस संसारमा आउनुभयो । पबित्र आत्माको मुख्य काम हामीलाइ येशु जस्तो बनाउनु हो । पबित्र आत्माले येशु को हरेक गुण को बारेमा हामीलाइ बताउनुहुन्छ ।

[12]त्यसकारण दाज्यु-भाइहरू र दिदी-बहिनीहरू, होशियार बस जसमा कि तिमीहरूमा कोही पापी नहोऊ, विश्वासलाई अस्वीकार नगरोस् र जीवित परमेश्वरलाई नछोडोस्।
[13]तर हरेक दिन एक-अर्काको उत्साह बढाऊ। "आज" नै यो गर। एक अर्काको सहायता गर जसमा कि कोही पाप र यसको कपटपूर्ण तरिकाले कोही पनि कठोर नबनोस्।
[15]धर्मशास्त्रले भनेको छ"यदि आज तिमीहरूले परमेश्वरको आवाज सुन्दछौ भने, अतीतमा जस्तै हठधर्मी नबन, जतिबेला तिमीहरूले परमेश्वरको विरोधमा विद्रोह गरेका थियौ।"

अबिश्वासी हृदय कठोर हुन्छ । र त्यसले बिद्रोह गर्छ ।

रोमि १०:१६ [16]तर सबै यहूदीहरूले त्यो सुसमाचार स्वीकार गरेनन्। यशैयाले भने, "परमप्रभु हाम्रो सन्देशलाई कसले विश्वास गरे?"

कसरी हामीलाइ थाहाँ हुन्छ कि हामीले जे सुनेका छौ त्यसमा बिश्वास गरेका छौ भनेर । सुनेको कुरामा आज्ञा पालन गरेको छ भने हामीलाइ थाहाँ हुन्छ कि हामीले जे सुन्यौ त्यसमा हामीले बिश्वास गर्यौ । सुन्यौ बिश्वास गर्यौ त्यसमा एउटा क्रिया हुन्छ त्यो क्रियाले सुनेको कुरा बिश्वास गर्छ । सुनेको कुरामा क्रिया छैन भने बिश्वास गरेको छैन अबिश्वासी हृदयले बिद्रोह गर्छ । त्यसैले इस्रायलीहरुले उजाड स्थानमा बिद्राह गरे । हेर्दा खेरी मोशाको बिरोधमा गएका हुन् तर खास खरी मोशाको बिरोधमा नभएर पबित्र आत्माको बिरोधमा गएका थिए ।

हिब्रु ३:९ [9]चालिस वर्षसम्म मरुभूमिमा मैले के के गरें त्यो तिम्रा पिता-पुर्खाहरूले देखे। तर तिनीहरूले मेरो धैर्यको परीक्षा लिए।

मेरो कामहरु देखेर पनि मेरो परिक्षा गरे । पवित्र आत्माको आवाजलाइ तिरस्कार गरे । हननिया सफरिया संग पत्रुसले सोधे किन पवित्र आत्मा संग झुट बोलेको ? उनीहरुले पवित्र आत्मालाइ परिक्षा गरे । हामी पवित्र आत्मालाइ व्यक्तिको रुपमा हेरेनौ भने हामी उहाँको बिरोध गर्न सक्छौ । हामी आत्मामा जन्मेको र हाम्रो जीवनको अन्तिम सम्म उहाँ हामी संग बस्नुहुन्छ उहाँकै हामीले बिरोध गर्‍यौ भने हामी अगाडि बढ्न सक्दैनौ । त्यसैले पवित्र आत्मा सामर्थको साथै उहाँ एउटा व्यक्ति हुनुहुन्छ ।

[10]त्यसैले म तिनीहरूसित रिसाएँ र मैले भनें 'तिनीहरूका विचार सँधै गल्ती छन् तिनीहरूले कहिल्यै मेरो बाटो बुझेनन्

पवित्र आत्मा हामीलाइ मार्ग देखाउनको लागी आउनुभयो । उनीहरुको हृदय छलि भएको कारण तर तिनीहरुले उहाँको मार्ग बुझेनन् । त्यसैले तिनीहरुले कहिलै परमेश्वरको बिश्राममा प्रवेस गर्न पाएनन् ।

मत्ति ११:२८ [28]मकहाँ आऊ। 'जो थकित औ कष्टले दबिएकाहरू हो! म तिमीहरूलाई आत्माको निम्ति विश्राम दिनेछु।

बोझ मतलब पाप हो । हामी पापले दबिएका व्यक्तिहरुको येशु प्रभुले बोझ उठाउनु भयो । उहाँ माथि बिश्वास गर्नेले बिश्राम पाउछ ।

29 मेरो कामकुरो ग्रहण गर अनि मबाट सिक, म विनयी र विनम्र-हृदयको छु। अनि तिमीहरूले आफ्नो आत्मामा विश्राम पाउनेछौ।
30 हो, मेरो काम ग्रहण गर्न सजिलो छ। तिमीहरूलाई दिइने भार हलका छ।"

आत्मामा हामी हर दिन चल्दा खेरी हामीलाइ बिश्राम चाहिन्छ । त्यसको लागी हामीले हर दिन येशुको जुवा बोक्नु पर्छ । हामीले येशु को जुवा बोक्नको लागी हाम्रो जुवा संग आत्मा जोडेको छ । दुइ वटा गोरु अलग अलग दिशामा गयो भने खेत जोत्न सकिदैन । त्यसैले आत्मा र हामी संगै हिड्नु पर्छ । थुमाको रगत माथि बिश्वास गरेको कारण इस्रायललाइ मिश्र देश देखी निकालेर ल्याउन सक्यो । त्यसको पछि पवित्र आत्माको अगुवाइमा चल्नको लागी उनीहरु तयार भएनन् । त्यसैगरी परमेश्वर हामीलाइ बिश्राम दिन तयार हुनुहुन्छ त्यसको लागी हामी हर दिन परमेश्वरको जुवा बोक्न तयार हुनुपर्छ । हाम्रो जीवनमा जति सुकै समस्या आयो भने पनि यदि हामीले पवित्र आत्मा संग मिलेर येशुको जुवा बोकेको छ भने हामीलाइ बिश्राम मिल्छ ।

हिब्रु ३:११ [11]त्यसैले म रिसाएँ र शपथ लिएँ कि 'तिनीहरूले कहिल्यै प्रवेश पाउने छैनन् र मसित विश्रान्ति पाउने छैनन्।'"

इस्रायलीहरु को जीवनमा रोग आएन । उनीहरुको जीवनमा भोकमरी थिएन खाना प्रसस्त थियो सबै थोक थियो तर पुरा ४० शाल उनीहरु संग परमेश्वरको बिश्राम थिएन । कारण पवित्र आत्माको आवाज उनीहरुले तिरस्कार गरे । हामीलाइ पवित्र आत्माले डोर्‍याउनु हुन्छ । हामीले उहाँको आवाज आत्मामा सुन्नु पर्छ । आत्मा कराउनुहुन्न । त्यो एलियालाइ होरेब पाहाडमा परमेश्वरले सिकाउनुभयो । हावामा छैन , आगोमा छैन , भुकम्पमा छैन कानेखुसीमा आत्माले एलियालाइ सोध्नुभयो एलिया तिमी यहाँ के गर्दैछौ ? तिमी यहाँ आज हुनुको कारण मेरो आवाज तिमीले सुनेनौ । डरको आत्माको आवाज सुन्यौ तर मेरो आवाज सुनेनौ । कान छ भने त आत्माको आवाज सुनेन भने कसैको आवाज त सुन्छ ।

युहन्ना १६:१३ [13]तर जब सत्यको आत्मा आउँदछ, उहाँले भविष्यका कुराहरू घोषणा गर्नु हुनेछ। उहाँले आफ्नो कुराहरू भन्नु हुनेछैन् उहाँले जे सुन्नु हुन्छ त्यही बताउनु हुन्छ।

उहाँले हामीलाइ सबै सत्यतामा डोर्‍याउनुहुन्छ । हामीलाइ सबै सत्यता थाहाँ हुन सक्दैन । मेरो जीवनमा भएको झुट , बाधाहरु , समस्याहरु, मेरो सोच बिचारहरु सबै अर्काको झुट ,बाधा, समस्या , सोचबिचार संग मिल्दैन । त्यो सत्य अनुसार पवित्र आत्मा अलग मान्छेहरु संग अलग अलग तरीकाले बोल्नुहुन्छ । धेरै जनाको भिडमा बचन दिदा खेरी आत्मा प्रत्येक मान्छे संग अलग अलग तरीकामा बोल्नुहुन्छ । किनभने उनीहरुको जीवनमा अलग अलग तरीकाको सत्यहरु छन् । हामी त्यो आवाज सुन्दा खेरी बिश्वास आउछ । बिश्वास सुनाइ बाट आउछ र सुनाइ पवित्र आत्माको आवाज हो । आत्माले हामीलाइ जन्म दिनुको साथ साथै हामीलाइ सत्यतामा डोर्‍याउदै डोर्‍याउदै लैजानुहुन्छ । येशुले भन्नुभयो म हु बाटो , म हु सत्य त्यो बाटोमा सत्य छ । त्यो सत्य को पछाडि मात्र जीवन पाउछ । र त्यो जीवनमा बिश्राम छ ।

यसैया ५७:२१ [21]"दुष्ट मानिसहरूलाई त्यहाँ शान्ति छैन।"

दुष्टलाइ शान्ति हुदैन । किनभने पवित्र आत्माको आवाज उनीहरु सुन्दैनन् आफ्नो पापको पस्चाताप गर्दैनन् । एउटा बिश्वासी पापमा गयो भने आत्मा बोल्नु हुन्छ रोक पाप बाट फर्केर आइजो । आत्मा छैन भने बिश्राम हुदैन । आत्मा छ भन्ने ठुलो चिन्ह उसमा बिश्राम हुन्छ । हाम्रो जीवन बाट हाम्रो समस्याहरु परमेश्वरले निकाल्नु हुन्न ,येशु डुङ्गामा चढ्दा तुफान आयो र पनि उहाँ आनन्दले सुतिरहनु भयो कारण उहाँमा बिश्राम थियो । त्यसै गरी हाम्रो जीवनमा पनि समस्या जति सुकै भए पनि हामीमा परमेश्वर को बिश्राम छ भने हामीलाइ त्यस समस्याले केहि असर पार्न सक्दैन ।

प्रस्थान ३३:१३ [13]यदि मैले तपाईंलाई साँच्चै खुशी पारेको भए मलाई तपाईंका तरीकाहरू बताउनु होस्। म तपाईंलाई जान्न चाहन्छु। तब म तपाईंलाई नित्य प्रसन्न पारिराख्छु। स्मरण रहोस् यी सबै मानिसहरू तपाईंका हुन्।"
[14]परमप्रभुले उत्तर दिनु भयो, "म आफैं तिमीसित जानेछु र तिमो अगुवाइ गर्नेछु।"

मोशाले परमेश्वर संग यसो भनेर बिन्ति गरे यदि परमेश्वर तपाइ म संग प्रसन्न हुनुहुन्छ भने तपाइको मार्ग मलाइ देखाउनुहोस् ।

यदि परमेश्वर हामी संग प्रसन्न हुनुहुन्छ भने उहाँले हामीलाइ उहांको मार्ग देखाउनु हुन्छ । परमेश्वर को उपस्थिती भनेको पबित्र आत्मा हो । परमेश्वरको उपस्थिती भनेको पिता परमेश्वर मोशा संग चल्नु भएको होइन , येशु पनि होइन चलेको पबित्र आत्मा हो मोशा संग चल्नुभएको । यदि हामी पबित्र आत्माको उपस्थिती हाम्रो जीवनमा छ भने परमेश्वरको बिश्राम पनि हामी संग हुन्छ रेलको पट्टि जस्तै पबित्र आत्मा र परमेश्वरको बिश्राम संगै संगै चल्छ । मान्छेहरुले पैसामा बिश्रामको लागी खोज्छन् । कोभिड आउदा पैसा को काम छैन । ४० शाल इस्रायलीहरु उजाड स्थानमा बसे पैसा नै चाहिएन । पैसाले केहि किन्न को लागी पसलहरु थिएनन् ॥ खाना को समस्या थिएन । श्वर्ग देखी मन्न आउथ्यो, चट्टान देखी पानी पनि आउथ्यो । कपडा पुरानो हुदैन थियो । जुत्ता फाट्दैन थियो । जति जति मान्छे बढ्यो त्यति त्यति जुत्ताको नाप पनि बढ्यो । शरीरमा बिश्राम थियो तर उनीहरुको प्राणमा बिश्राम थिएन कारण मन त सबै मिश्र देशमा नै थियो । अर्थात पबित्र आत्माको आवाजलाइ तिरस्कार गरे । दोस्रो पुस्ता यहोशु पछि न्यायको पुस्तकमा आउदा शरीरमा र प्राणमा दुबैमा बिश्राम थिएन कारण मन्न रोकियो । मोशाको मात्र शरीरमा र प्राणमा दुबैमा बिश्राम थियो र आत्मामा बिश्राम भएको कारण मोशाले गित पनि लेखे । त्यति खेर अरु कसैले लेखेनन् ।

भजन सग्रह १०३:७ [7]परमेश्वरले आफ्ना विधिहरू बारे मोशालाई बताउनु भयो। परमेश्वरले उहाँको शक्तिशाली कामहरू इस्राएल का मानिसहरूलाई देखाउनु भयो।

परमेश्वरको मार्ग मोशालाइ मात्र परमेश्वरले देखाउनु भयो इस्रायलीहरुलाइ चिन्हहरु अर्थात उहाँको शक्तिशाली कामहरु देखाउनु भयो । इस्रायलीहरुले पबित्र आत्मालाइ तिरस्कार गरेको कारण परमेश्वरले मार्ग देखाउन सक्नुभएन । एउटै मण्डलीमा धेरै मान्छेहरु एउटै बचन सिक्दा पनि सबै जनालाइ परमेश्वर आफ्नो गार्ग देखाउन सक्नुहुन्न , त्यस ब्यक्तिलाइ मात्र उहाँले आफ्नो मार्ग देखाउनुहुन्छ जसले पबित्र आत्माको आवाजलाइ सुन्छन् ।

न्यायकर्ता १६:२० [20]तब दलीलाले तिनलाई भनिन्, "शिमशोन, पलिश्ती मानिसहरू तिमीलाई पक्रन आइरहेछन्।" तिनी ब्यूँझिए अनि सोचे, "मैले अघि गरे जस्तै म भाग्ने छु अनि स्वयंलाई मुक्त तुल्याउनेछु।" तर शिमशोनलाई थाहा भएन कि परमप्रभुले तिनलाई त्यागी सक्नु भएको थियो।

शिमशोनले साचे म अरु बेला जस्तै भाग्नेछु , तर शिमशोनलाइ थाहै भएन कि परमेश्वरको आत्मा उसलाइ अघिनै छोडी सक्नु भएको थियो । कारण शिमशोनले परमेश्वरको शक्तिलाइ बुझेको थियो तर उहाँको मार्ग उसले बुझेको थिएन । मिश्र देश बाट ६ लाख इस्रायलीहरु आएका थिए । प्रतिज्ञाको देशमा खाली यहोसु र कालेब मात्र थिए बाकि सबै उजाड स्थानमा नै मरे । मोशाको मृत्यु पनि अरु ब्यक्तिहरु को जस्तो साधारण थिएन उसको मृत्यु अलग थियो कारण आत्माले मोशालाइ कहिलै पनि छोड्नु भएन । शिमशोनले परमेश्वरको सामर्थ खोज्यो उहाँको मार्ग खोजेन ।

शामुयल १६:१४ [14]परमप्रभुको आत्माले शाऊललाई त्यागि दियो। परमप्रभुले दुष्ट आत्मा शाऊल कहाँ पठाउँनु भयो। त्यसले शाऊललाई साह्रै सतायो।

परमेश्वरको आत्माले शाउललाइ त्याग्नु भयो कारण शाउलले आत्माको आवाजलाइ तिरस्कार गर्‍यो । त्यसै गरी नयाँ नियममा आएर बचनमा लेखेको छ पबित्र आत्मालाइ ननिभाओ । ननिभाओ भन्नुको मतलब आत्मा भित्र हुनुहुन्छ । त्यहाँ आत्माको ब्यक्तित्व छ । यदि हामीले उहाँलाइ निभायौ भने उहाँ हुनुहुन्छ तर तर बोल्नुहुन्न ।

गन्ति १४:४० [40]बिहानै उठेर मानिसहरू पाहाडी इलाका तिर उक्लनु थाले। मानिसहरूले भने, "हामीले पाप गरेका छौ। परमप्रभुलाई हामीले अविश्वास गर्यौं, यसर्थ हामी पश्चताप गर्छौं र हामी परमप्रभुले दिन्छु भनी प्रतिज्ञा गर्नु भएको भूमिमा जानेछौं।"
[41]तर मोशाले भने, "परमप्रभुको आज्ञा किन पालन गरिरहेका छैनौ? तिमीहरू सफल हुँदैनौ।
[42]त्यसभूमिमा नजाऊ कारण परमप्रभु तिमीहरूको साथमा हुनुहुन्न र शत्रुहरूले साजिलै तिमीहरू माथि विजय प्राप्त गर्नेछन।
[43]त्यहाँ अमालेकी र कनानी मानिसहरू तिमीहरूको विरोधमा लडनेछन्, तर तिमीहरूले परमप्रभुलाई छोडी दिएकोले उहाँ तिमीहरूले लडेको लडाँईमा साथ दिनुहुने छैन र तिमीहरू सबै मर्नेछौ।"
[44]तर मानिसहरूले मोशाको कुरामा विश्वास गरेनन् र तिनीहरू पहाडी इलाकातिर गए। तर मोशा र परमप्रभुको करारको सन्दूक ती मानिसहरूसित गएन। 45त्यो पहाडी इलाकामा बस्ने अमालेकी र कनानी मानिसहरू तलतिर उत्रे र ती इस्राएली मानिसहरूमाथि आइलागे। अमालेकी र कनानी मानिसहरूले इस्राएली मानिसहरूलाई सजिलै परास्त पारि तिनीहरू सबैलाई होर्मासम्म खेद्दै लगे। 45

परमेश्वरले नजानु भन्नु भएको छ यदि तिमीहरु गयौ भने आत्माले तिमीहरुलाइ डोर्‍याउनु हुन्न । परमेश्वरको आत्मा तिमीहरु बाट हटि सक्नु भएको छ कारण तिमीहरुले आत्माको आवाज नसुनेर परमेश्वर माथि अबिश्वास गर्‍यौ । अब तिमीहरु गयौ भने तिम्रो शत्रुहरुले तिमीहरुलाइ लखेट्छन् । तर मान्छेहरुले मोशाको कुरा सुनेनन् र गए । तर आत्माले डोर्‍याएका मोशा र परमेश्वरको सन्दुक तिनीहरु संग गएनन् । त्यस पछि तिनीहरुलाइ अमालेकी र कनानीहरुले जिते र होर्मा सम्मै खेद्दै लगे । इस्रायलीहरुले हार्नुको ठुलो कारण उनीहरुले आत्माको आवाजलाइ तिरस्कार गरे । एउटा बिश्वासी मान्छेलाइ पबित्र आत्माले डोर्‍याउनु भएन भने हामी पनि जीवनको जुन सुकै युद्ध पनि हामी हार्छौ । शत्रु संग जित्नको लागी हामीलाइ के चाहिन्छ ?

एफिसी ६:१७ [17]परमेश्वरको मुक्तिलाई आफ्नो शिर रक्षक बनाऊ अनि परमेश्वरको वचन समात जुन आत्माको तरवार हो।

अन्धकार को शक्तिको बिरुद्धमा पबित्र आत्मा आउनुभएन भने सैतान कहिले पनि डराउदैन । सैतानका शक्तिहरु माथि जित्ने हो भने हामी आत्मालाइ रक्षक बनाउनु पर्छ । यदि हामीले परमेश्वरको बचन उत्पत्ति १ अध्याय देखी प्रकाश को २२ अध्याय सम्म कण्ठ गर्‍यो भने पनि सैतान डराउदैन सैतानले भन्छ तिमीलाइ भन्दा मलाइ बचन थाहाँ छ , मात्र पबित्र आत्मा देखी सैतान डराउछ ।

त्यसकारणले जब येशुले सुसमाचार बाड्न सुरु गर्नुभयो त्यति खेर पबित्र आत्माले मलाइ अभिशेक गर्नुभयो भनेर भन्नुभयो । म बचन हो म बोल्दैछु भनेर भन्नुभएन । जीवनको सुरु देखी जविनको अन्त सम्म याहाँ सम्म कि मृत्यु बाट बौरी उठे पछि पनि आत्मा द्वारा नै बोल्नुभयो ।

२ कोरिन्थी ३:६ [6](परमेश्वरबाट उहाँका मानिसलाई दिइएको) नयाँ करारको सेवक बन्न परमेश्वरले हामीलाई योग बनाउनु भएको छ। योग्य बनाउनु भएको छ। यो नयाँ करार लिखित नियम होइन। यो आत्माको हो। लिखित करारले मृत्यु ल्याँउछ, तर पवित्र आत्माले जीवन दिन्छ।

पबित्र आत्मा एउटा ब्यक्तिको जीवनमा आउनु भयो र त्यो मान्छे पबित्र आत्मा द्वारा बोल्यो भने दुष्टलाइ हराउन सक्छ । त्यहि ब्यक्तिले आत्मा बिना बोल्यो भने मान्छेलाइ मार्छ । आत्मा रहित बोल्यो भने सुन्ने मान्छे मरेरै जान्छ त्यसले जीवन दिन सक्दैन । येशुले उहाँको सेवाकाइमा आत्मा उहाँ संग भएको कारणले जीवन लिएर आउनु भयो । त्यसै गरी हामी पनि आत्माको बिना सेवाकाइ गर्न सक्दैनौ यदि हामी आत्माको बिना सेवाकाइ गर्छौ भने त्यसले मान्छेमा मृत्यु लिएर आउछ जीवन लिएर आउन सक्दैन । यदि हामी जीवन दिने सेवाकाइ गर्न चाहन्छौ भने आत्माको आवाज हामीले सुन्नुपर्छ । हाम्रो जीवनमा सबै भन्दा अपठेरो काम बचन सुन्नु हो । येशु ले बिहानै बिहानै गएर प्रार्थना गर्नु हुदा हर दिनको लागी उहाँले आत्माको आवाज सुन्नुहुन्थ्यो , सुन्दा खेरी हिजो राती बनाएको योजना आजको लागी बदलिन्छ । सन्तहरुको बादलले घेरेता पनि हाम्रो आखाँ येशुको माथि हुनु पर्छ । किनभने येशु को जीवन सुरु देखी अन्त सम्म आत्मामा नै चल्नुभयो । हाम्रो जीवनमा सबै भन्दा कठिन काम भनेको आत्मामा सुन्नु र आज्ञा पालन गर्नु हो । दाउद को जीवनमा हेर्ने हो भने दाउदले हर कुराको लागी परमेश्वरलाइ सोध्दथे । सबै युद्ध को लागी उनी गएनन् परमेश्वरले चुनेको युद्धको लागी मात्र उनी गए । किनभने सुन्नको लागी यो केटाले सिकेको थियो । जिवनमा दुइ वटा बाटो छ एउटा जीवनको बाटो र अर्को मृत्यु को बाटो । जीवनको बाटोमा जीवनको आत्माले चलाउछ र अर्को मृत्यु को बाटोमा मृत्यु को आत्माले चलाउछ । दुइ वटा बाटो छ र पुग्ने पनि दुइ जगा छ एउटा स्वर्ग र अर्को नरक दुइ तरीकाको जमिन छ र दुइ तरीकाको घर छ ,दुइ तरीकाको मालिक छ , एउटा आत्मा र अर्को मामुन । परमेश्वरले सैतान भनेर भन्नुभएन मामुनलाइ लिएर आउनु भयो । स्वतन्त्रताको लागी दुइ वटा बाटो देखाएको छ , एउटा असल बाटो सत्यको बाटो त्यो आत्माको बाटो हो । संसारले अर्को बाटो देखाउछ । सत्यको बाटोले हामीलाइ स्वतन्त्रता देखी स्वतन्त्रतामा लिएर जान्छ र अर्को संसारको बाटोले हामीलाइ बन्धनमा लिएर जान्छ । नयाँ करार अलग हुनु को कारण नयाँ करार पबित्र आत्माको करार हो । प्रेरितहरुको काम भनेर प्रेरित को पुस्तकलाइ भनिन्छ , खास गरी प्रेरितहरुको काम होइन पबित्र आत्माको कामको पुस्तक भन्न सकिन्छ ।

एफिसी १:१३ [13]तिमीहरू पनि त्यस्तै हौ। तिमीहरूले आफ्नो मुक्तिको बारेमा साँचो शिक्षा-सुसमाचार सुनिहाल्यौ। सुसमाचार सुनेपछि तिमीहरूले ख्रीष्टमा विश्वास गर्यौ। अनि परमेश्वरले आफ्नो विशेष छाप तिमीहरूमा लगाउनु भयो र तिमीहरूलाई पवित्र आत्मा दिनुभयो जुन उहाँले प्रतिज्ञा गर्नुभएको थियो। [14]पवित्र आत्मा चाँहि परमेश्वरले आफ्ना मानिसहरूलाई प्रतिज्ञा गरेका कुराहरू पाउँछौ नै भन्ने एउटा जमानत हो । यसले परमेश्वरमा हुनेहरुलाई पूर्ण स्वतंत्रता दिनेछ। यी सबको उद्देश्य हो परमेश्वरको महिमाको प्रशंसा ल्याउनु।

पबित्र आत्मा हाम्रो लागी जमानत हुनुहुन्छ । हामीले परमेश्वरले प्रतिज्ञा गरेको कुराहरु र उत्तराधिकार हामीले पाउछौ भन्ने ग्यारेण्टि पबित्र आत्माले दिनुहुन्छ । तर यदि हामीले पबित्र आत्मालाइ हाम्रो जीवन डोर्याउन दिने हो भने र उहाँको आवाज सुन्ने हो भने हामीले उद्धार पाउने छौ । इस्रायलीहरु मिश्र देश देखी निक्लेर प्रतिज्ञाको देश जाने वाला थिए तर पबित्र आत्माको आवाज नसुनेको कारण प्रतिज्ञाको देशमा पुग्न सकेनन् । मिश्र देश बाट त निक्ले तर अगाडि बढ्न सकेनन् । त्यसै गरी यदि हामीले पनि येशु मशिहमा पापको पस्चाताप गरेर बिश्वास राख्छौ भने उद्धार त हामीले पाउछौ तर पबित्र आत्माको आवाज सुन्देनौ भने उत्तराधिकार को इनाम चाहि गुमाउछौ । यहोशु को पुस्तकमा २४ अध्याय छ अन्तिममा बिश्रामको समयमा उनीहरुको जीवनमा परमेश्वरको प्रतिज्ञाहरु सबै उनीहरुले पाउछन् सत्रुहरु माथि बिजय गर्छन् सबै कुराहरु पाउछन् उनीहरुले २ बार मात्र हार्छन् । पहिलो चोटी आइ भन्ने सानो शहर संग उनीहरु हार्छन् । यो लडाइ भन्दा पहिला यहोशुले हरेक पल्ट आत्मा संग सोधेर लडाइ गरे र आत्माको अगुवाइमा उनले जिते तर त्यस पछि यहोशुले आत्मा संग सोधेनन् । अगर सोधेको भए आत्माले भन्नुहुन्थ्यो कि तिमीहरुको बिचमा एक जनाले चोरी गरेको छ पहिला त्यसलाइ पस्चाताप गर्न लगाउ तर यो पटक यहोशु दुष्ट को बिरुद्धमा पापलाइ लिएर लडाइ गर्न गएका थिए , त्यसैले आत्माको तरवारले काम गरेन र उनले हारे । दोस्रो चोटि उनीहरु को जीवनमा समस्या आयो गिदोनीहरुले उनीहरुलाइ भ्रममा पारे । हामी बिश्वासीहरुलाइ दुइ कुराले समस्या ल्याउछ एउटा पापको कारणले अर्को भ्रम को कारणले । यो दुइ कुरा बाट बचाउनको लागी हामीलाइ परमेश्वरले उहाँकै आत्मा एउटा सल्लाहाकार दिनुभएको छ । हामीले सपना देख्न सक्छौ , दर्शन देख्नसक्छौ ,श्वर्गदुतको कुरा सुन्न सक्छौ तर यो सबै कुरा परमेश्वर बाट नै आएको हो कि होइन त्यो जान्न को लागी अन्तत हामीले आत्माको आवाज सुन्नु पर्छ नत्र भने यि सबै कुरा बाट हामीलाइ भ्रममा पार्न सक्छन् ।

१ थिस्लोनीकी ५:१९ [19]पवित्र आत्माको कहिल्यै वाधा नदेऊ।
[20]भविष्यवाणीलाई महत्वहीन नठान।

पबित्र आत्मालाइ निभायौ भने हामीलाइ भविष्यवाणी ठिक हो कि होइन हामीलाइ थाहाँ हुन सक्दैन ।

[21]हरेक कुरालाई जाँच र असल जति राख।
[22]हर प्रकारको दुष्ट्याइँदेखि टाढा बस।

सबै कुराको जाचँ गर भनेर भनेको छ सबै कुरा बचन बाट हामी जाचँ गर्न सक्दैनौ । बचन सबै हामीलाइ याद हुदैन त्यसैले आत्मा द्वारा मात्र हामी जाचँ गर्न सक्छौ । येशुलाइ उजाड स्थानमा परिक्षा आउदा येशुले आत्मा द्वारा सैतान संग लडाइ गर्नु भयो । येशुलाइ आत्माले यो बचन अनुसार यो ठिक छैन भनेर आत्माले सैतानको परिक्षा अनुसार उहाँलाइ बचन देखाउनु भयो । त्यसको साथ साथै सबै किसिमको खराबी बाट अलग बस भनेर बचनले हामीलाइ भन्दछ । सबै किसिमको दुष्ट्याइ हामीलाइ कसरी थाहाँ हुन्छ । हाम्रो बुद्धि त्यति धेरै छैन कि हामीलाइ हर खराब चिज थाहाँ होस् पावल संग फिलिपिको केटिले भनेको सबै असल थियो तर त्यो सैतानको तर्फ बाट भ्रममा पार्नको लागी थियो । यि सबै भ्रममा पार्ने खराब चिजहरु बाट बचाउनको लागी मात्र हामीलाइ पबित्र आत्माको सामर्थमा मात्र हामी बच्न सक्छौ । त्यसकारणले येशुले भन्नुभयो पबित्र आत्माले तिमीहरुलाइ कहिलै पनि टुहुरा छोड्ने छैनन् । टुहुराको

बाबा आमा हुदैनन् उनीहरु एक्लै हुन्छन् त्यसैले उनीहरुलाइ डरको आत्माले समात्छ। तर जसको बाबा आमा हुन्छन् उनीहरु डराउदैनन् । यदि हामी पबित्र आत्माको अगुवाइमा हर पल हर क्षण हिड्छौ भने हर समस्याको समाधान आत्माले हामीलाइ देखाउनु हुन्छ जसको कारण हाम्रो हर समस्याको समाधान हुन्छ हामी डराउनु पर्दैन किनकी येशुले भन्नुभयो म तिमीहरुको लागी सल्लाहाकार पठाउनेछु जसले तिमीहरुलाइ कहिलै पनि त्याग्ने छैन र उहाँ तिमीहरु संग सदा सर्वदा बास गर्नु हुनेछ। आमेन।

*प्रार्थना*

*प्रभु धन्यबाद , धन्यबाद, धन्यबाद तपाइको छोरा येशुको लागी धन्यबाद र साथै पबित्र आत्मा को लागी धन्यबाद । पबित्र आत्मालाइ आउनुहोस् भनेर हामीले बोलाउनु पर्दैन उहाँ हामीहरु को बिचमा आइसक्नु भयो । र अब हामीलाइ पबित्र आत्माको आवाज सुनेर उहाँको अगुवाइमा चल्नको लागी हामीलाइ अनुग्रह गर्नुहोस् प्रभु । हाम्रो जीवनमा जति सुकै समस्या भए पनि त्यस बिचमा हामीलाइ बिश्राम दिनुहोस् प्रभु मोशाको जीवनमा धेरै समस्याहरु आए प्रभु तपाइको आत्माको अनुग्रह को कारण उसको जवनमा बिश्राम थियो । पावल जस्तै युहन्ना जस्तै चल्नको लागी हामीलाइ सिकाउनु होस् प्रभु । समस्याहरु आउदा हामी डराउनु हुदैन कारण हामीलाइ तपाइले डरको आत्मा दिनु भएको छैन प्रभु आत्माको जुवा बोकेर आत्मा संगै चल्नको लागी सामर्थले भर्नुहोस् । प्रभु ,पबित्र आत्मा , हामीले तपाइलाइ तपाइको आवाज नसुनेर तपाइलाइ धेरै दुख दिएकोमा हामीलाइ माफ गर्नुहोस् । र तपाइ हामी संग बोल्न कहिले पनि नरोक्नुहोस् बचन द्वारा आत्मा द्वारा हामीलाइ चलाउनु होस् प्रभु। यो सबै बिन्ति प्रार्थना येशु प्रभु को नाममा आमेन ।*